अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०७७।०२।०१ गते।

प्रेस विज्ञप्ति

विषय: आरोपपत्र दायर गरिएको।

नेपाल विद्युत प्राधिकरण रत्नपार्क वितरण केन्द्रका इलेक्ट्रिकल सुपरभाइजर कैलास प्रसाद दाहालले नयाँ क्षमता बृद्धिको मिटर जडानकोलागि नियमानुसार राजस्व तिरी प्रकृया अगाडी बढाउँदा झन्झटिलो हुन्छ भनि काममा आलटाल गरी सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग टङ्गालबाट खटिई गएको टोलीबाट निज सुपरभाईजर कैलाश प्रसाद दाहाललाई सेवाग्राहीसँग रु.२०,०००/- (बीस हजार) घुस/रिसवत लिइसकेको अवस्थामा नियन्त्रणमा लिइएको थियो ।

अनुसन्धानको सिलसिलामा नेपाल विद्युत प्राधिकरण वितरण तथा ग्राहक सेवा निर्देशनालय, रत्नपार्क वितरण केन्द्र नयाँ ग्राहक फाँटमा इलेक्ट्रिकल सुपरभाइजर पदमा कार्यरत कैलास प्रसाद दाहालले सेवाग्राहीको काम छिट्टो गरिदिने प्रयोजनको लागि रु. २०,०००।— (बीस हजार) घुस/रिसवत माग गरी लिएको तथ्य स-प्रमाण पुष्टि हुन आएकोले निज कैलास प्रसाद दाहालले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) अनुसारको कसुर भएकोले बिगो रु. २०,०००।— कायम गरी निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम सजाय हुनका साथै निजलाई अनुसन्धानको क्रममा रु. ४०,००० (चालीस हजार) धरौटी लिई तारेखमा राखेको हुँदा मुद्दा बुझाउने दिन निजलाई उपस्थित हुन जानकारी दिई उपस्थित भए आरोपपत्र साथ अदालतमा उपस्थित गराउने, उपस्थित नभए निजले मिति २०७६।१२।१४ गते राखेको धरौटी रकम रु. ४०,०००।— भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३० को उपदफा (३), मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा ७५ को उपदफा (१) र कसुरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ को नियम २१ को उपनियम (५) बमोजिम जफत गर्ने सजायको मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
प्रदीपकुमार कोइराला